आज मिति २०७७ आषाढ ३ गतेका दिन यस लमही नगरपालिकाका नगर प्रमुख श्री कुलबहादुर के.सी. ज्यूको अध्यक्षता तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री देवका बेल्बासे | नगर उपप्रमुख | |
| ३ | श्री नुमराज पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बाबुराम चौधरी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुवाश न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री विम बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री गणेशमान चौधरी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री मेघनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राधा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री नारायणी खड्का | नगर कार्यपालिका सदस्य | नारायणी |
| १४ | श्री अनिता चौधरी | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती विश्वकर्मा | नगर कार्यपालिका सदस्य | पार्वती |
| १६ | श्री सुनिता कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बम बहादुर विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री ठगे नेपाली | नगर कार्यपालिका सदस्य | ठगे नेपाली |
| १९ | श्री रमेश कुमाल | नगर कार्यपालिका सदस्य | |
| २० | श्री टोपेन्द्र बहादुर के.सी. | सदस्य सचिव | |

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

## मिति २०७७।०३।०३ गते बसेको नगर कार्यपालिका बैठकको निर्णयहरु :

**निर्णय नं. १ :** लमही नगरपालिकाको आगामी आ.व. २०७७।०७८ को नीति तथा कार्यक्रम स्वीकृत गरी सातौं नगरसभामा पेश गर्ने ।

**निर्णय नं. २ :** लमही नगर आपतकालीन कार्य सञ्चालन सामग्री खरिदको लागि मिति २०७६।१०।१६ मा आवह्न गरिएको शिलबन्दी दरभाउपत्र अनुसार पर्न आएका दरभाउपत्र मध्ये न्यूनतम् ३ वटा दरभाउ पत्र सारभूतरुपमा प्रभावग्राही नभएकोले उक्त दरभाउ पत्र रद्द गरी E-Bidding आवह्न गर्ने भन्ने मूल्यांकन समितिको निर्णय भए बमोजिम उक्त मितिको सो शिलवन्दी दरभाउ पत्र रद्द गर्ने । साथै कोभिड-१९ को संक्रमण नियन्त्रण तथा रोकथामको लागि हालको बन्दाबन्दी समेतको कारण सो सामग्री खरिदको कार्यक्रम नगर्ने ।

**निर्णय नं. ३ :** उद्यमशिल कृषि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, लमहीको मिति २०७७।०२।३० को पत्रानुसार उक्त सहकारी संस्था लिमिटेडलाई साविकको स्थानबाट अन्यत्र सर्नको लागि आगामी नगरसभावाट बजेट अनुमोदन गर्ने गरी रु. ५ लाख सहयोग गर्ने ।

**निर्णय नं. ४ :** प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत चालू आ.व.को स्वीकृत लमही नगरपालिका वडा नं. ९ मा पर्ने बगार बाबा धार्मिक विकास क्षेत्र भित्र पार्क निर्माण योजना (रु.४ लाख ५० हजार) को सट्टा सोही वडामा प्राथमिकताक्रम अन्तर्गत रहेको कोलतारा ड्याम निर्माण योजना संचालन गर्ने ।

**निर्णय नं. ५ :** सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम अन्तर्गत चालू आ.व.को विनियोजित बजेटको रु. २४ लाख ९५ हजार सेनिटरी प्याड खरिद गर्न मिति २०७७।०२।१२ मा सिलबन्दी दरभाउपत्र माँग गरी प्राप्त हुन आएका ४ वटा वोलपत्र मध्ये ३ वटा मूल्याङ्कन प्रक्रिया जान योग्य भई मूल्याङ्कनमा समावेश भएकोमा जयमाता दि स्यानिटरी प्याड उद्योग प्रा.लि.को कवोल दररेट सवैभन्दा कम भई सारभूत रुपमा प्रभावग्राही देखिई उक्त बोलपत्रदातासँग सम्झौता गर्न आशयपत्रका लागि सूचना प्रकाशन गरी सम्झौता गर्ने भन्ने मूल्याङ्कन समितिको निर्णयलाई स्वीकृति तथा अनुमोदन गर्ने ।

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ ५ नं. प्रदेश, नेपाल

०७७।३।१२

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६ :** लमही नगरपालिका अन्तर्गत ६० वर्ष माथिका जेष्ठ नागरिक र ५ बर्षमुनिका बालवालिकालाई निशुल्क औषधी उपलब्ध गराउने प्रयोजनार्थ औषधि तथा औषधिजन्य सामग्री खरिद गर्न मिति २०७७।०२।०७ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरुको स्वीकृति सम्वन्धमा देहाय बमोजिम गर्ने ।

क) दरभाउपत्र मुल्याङ्कन समितिको मिति २०७७।०२।२६ गतेको निर्णय स्वीकृति तथा अनुमोदन गर्ने र हिल्स मेडि सप्लायर्स, नेपालगञ्ज लगायत ४ वटा फर्महरुलाई मूल्याङ्कन प्रक्रियामा समावेश गर्ने भन्ने सो समितिको मिति २०७७।०२।२९ गतेको निर्णय स्वीकृति एवं अनुमोदन गर्ने ।

ग) मूल्याङकन प्रक्रियामा समावेश भएका ४ वटा फर्महरु मध्ये प्रत्येक औषधिको आईटमवाइज दररेट विश्लेषणको आधारमा विभिन्न १२१ (एक सय एक्काइस) आईटमका औषधिको सवैभन्दा कम अंक कवोल गर्ने हिल्स मेडि सप्लायर्स, नेपालगञ्ज, बाँके र विभिन्न ११ (एघार) आईटमका औषधिमा सवैभन्दा कम अंक कवोल गर्ने जयमाता मेडिको सप्लायर्स, तुलसीपुर, दाङको दरभाउ पत्र सारभूत रुपमा प्रभावग्राही देखिएको भन्ने मूल्याङ्कन समितिको निर्णय प्रतिवेदन अनुसार उक्त दरभाउपत्र स्वीकृत गरी आशय पत्र माग गर्ने र सम्झौता गरी आवश्यक मात्रामा खरिद गर्न स्वीकृति दिने ।

**निर्णय नं. ७ :** लमही नगरपालिका वाड नं. ८ को चालु आ.व.को कर्मचारी तथा पदाधिकारी भ्रमण कार्यक्रम (खर्च शिर्षक २२६१२, आन्तरीक स्रोत)मा विनियोजित रकम रु १ लाख लाई ८ नं. वडा समितिको मिति २०७७।०२।२६ को निर्णय अनुसार विपत् व्यवस्थापन कोषमा रकमान्तर गरी उक्त रकम सोही वडाको सतवरिया खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत विच्कागाउ देखि भौकासम्मको खानेपानी पाईप विस्तार योजनाको काममा लगाइएका (कोभिड-१९ का कारण समस्यामा परेका) श्रमिकहरुलाई राहत स्वरुप ज्याला भूक्तानी दिने कार्यमा खर्च गर्ने ।

लमही नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय लमही, दाङ ५ नं. प्रदेश, नेपाल

**निर्णय नं. ८ :** चालु आ. वं. २०७६।०७७ को स्वीकृत बजेट खर्च शिर्षक नं. २६४२३ मा कर्मठ सहकारी संस्था अनुदान र निलकमल सहकारी संस्थालाई अनुदानमा प्रति सहकारी रु. १०/१० लाख अनुदान स्वरुपको बजेट विनियोजन भएकोमा सो रकम सम्वन्धित संस्थावाट सामग्री तथा उपकरण खरिद वापत विल भर्पाइ प्राप्त भएको हुदा सोही अनुसार उक्त संस्थाहरुलाई अनुदान उपलब्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner